स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔँ,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौ,
- आफ्नो घर वरिपरी झाँडी नराखौ र सधै वातावरण सफा राखौ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल




'फर्की फर्की'र 'पुजार सार्की'ले प्रदर्शनको तेस्रो दिन शनिबार एकैदिनमा कम्तीमा १ करोडभन्दा बढीको ग्रस कलेक्सन गर्ने प्रक्षेपण छ । शनिबार कमाईमा उछाल आउने स्पष्ट छ । काठमाडौं उपत्यका र उपत्यका बाहिरको ब्यापार दुबै टेरिटोरीमा उत्कृष्ट छ । पूर्वका सहरमा दुबै फिल्मको ब्यापार केही कमजोर देखिन्छ । काठमाडौंदेखि पश्चिम नेपालमा दुबैको कलेक्सन उच्च देखिन्छ । 'फर्की फर्की'ले खासगरि सहरी क्षेत्र (अर्बन टेरिटोरी)मा उच्च ब्यापार गरेको छ । काठमाडौं, पोखरा, नारायणगढ, बुटवल क्षेत्रमा अनमोल केसी स्टारर फिल्मको अकुपेन्सी शतप्रतिशत छ ।

**आजको विचार...**



पदम न्यौपाने

पाल्पामा... *(दुई पेजमा)*



निर्देशक सञ्जय लीला भंसालीको बलिउडमा अग्लो नाम छ । उनले बनाएका फिल्मले बलिउडलाई नै नयाँ दिशा दिने गरेका छन् । उनले निर्देशन गरेको पहिलो वेब सिरिज 'हीरामण्डी' अहिले चर्चामा छ । यसमा उनले ठूला 'स्टार' लिएका छैनन् ।

❒ वर्ष २९ ❒ अंक २९६ ❒ २०८१ जेठ १३ गते आइतबार 26 May 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# कर्म अन्तै, सेवा जन्मथलो

## गाउँमै विशेषज्ञ डाक्टरबाट नि:शुल्क उपचार, पैसाको अभावमा उपचारबाट बञ्चितले पाएका सेवा



कृष्ण पोखरेल

**पाल्पा,** जेठ १२/जन्मथलो र कर्मथलो एउटै प्राय: कमैको हुने गर्छ । धेरै जसो व्यक्ति जन्मथलो छोडेर अन्यत्रलाई कर्मथलो बनाउने गरेका छन् । कर्म क्षेत्रमै रमाएका धेरैले जन्मथलोलाई विर्सने गर्छन् । केही अपवाद बाहेक धेरैले जन्मथलोलाई चटक्कै विर्सेर कर्मथलोमा रमाइरहेका बेला केही व्यक्तिहरु भने जन्मथलोमा पुगेर सेवा र विकासमा जोडिएका छन् ।

यस्तै मध्येका हुन पाल्पाको रैनादेवी छहरा गाउँपालिका भुवनपोखरीका केही व्यक्तिहरु । जो भुवनपोखरीबाट रुपन्देहीलाई कर्मथलो बनाउँदै आएका छन् । उनीहरुले रुपन्देहीमा रहेर कर्म गर्दै आए पनि बेला बेलामा जन्मथलो पुगेर सामाजिक सेवा र विकास निर्माणका कार्यमा सक्रिय हुने गरेका छन् । पछिल्लो समय उनीहरुले जन्मथलो भुवनपोखरीमा वृहत्त नि:शुल्क स्वास्थ्य सेवा दिएका छन् । उनीहरुले एक दर्जन भन्दा बढी विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य टोलीमार्फत त्यहाँका नागरिकहरुलाई नि:शुल्क सेवा दिएका हुन् ।

आफ्नो जन्मथलो, आफ्नै गाउँ-ठाउँमा केही गरौं भन्ने हुट्हुटी जागेकाले विभिन्न संघसंस्था र साथीहरुसँगको समन्वयमा शिविर सञ्चालन गरिएको शिविरका संयोजक तथा सुगर, प्रेसर थाईराइड, दम, पेट, छाती रोग विषेशज्ञ लुम्बिनी प्रादेशिक अस्पतालका डा. प्रकाश भट्टराईले बताए । आफ्नो जन्मथलोप्रतिको माया र ममताकै कारण दुर्गम गाउँमा पनि जनताले नि:शुल्क रुपमा विशेषज्ञ सेवासहितको स्वास्थ्य उपचार पाएका छन् । भुवनपोखरी रुपन्देही सम्पर्क समाजले जन्मथलोमा केही सेवा गरौं भन्ने हुटहुटिका कारण लुम्बिनी प्रादेशिक अस्पताल, निरोग स्वास्थ्य क्लिनिक बुटवल, अस्मित फाउण्डेसन काठमाडौंको सहयोग, पालिका र वडासँगको समन्वयमा विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गरेको हो । शिविरकै कारण भुवनपोखरी क्षेत्रमा पैसाको अभावमा रोगहरु लुकाएर बसेका व्यक्तिहरुदेखी नियमित औषधी खाईरहेका व्यक्तिहरुले घरदैलोमै रोग अनुसारको उपचार गर्न पाए । लुकेर रहेका विरामीहरुलाई औषधी उपचारको पहुँचमा ल्याउन, रोग लागिसकेपछी समयमै उपचार गर्नुपर्छ, पैसाकै कारण रोकिनु पर्दैन भनेर जनचेतना फैलाउने उद्देश्यले विशेषज्ञ सहितको स्वास्थ्य शिविर आयोजना गरिएको समाजका अध्यक्ष सिताराम भट्टराईले बताए । शिविरमा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका विषेशज्ञ डा. नन्दु पाठक, प्रकाश भट्टराई , नाक, कान घाटी रोग विशेषज्ञ विवश पराजुली, रेडियोलोजिष्ट डा. सुरेन्द्र रायमाझी, प्रसुती तथा स्त्री रोग विशेषज्ञ डा. ज्योती श्रेष्ठ, मेडिकल अफिसर डा. कल्पना न्यौपाने र डा. गोकुल पौडेलले प्रत्यक्ष रुपमा विरामीको चेकजाँच गरेका थिए । यसैगरी किर्तिपुर अस्पताल काठमाडौका बालरोग विशेषज्ञ श्रीधर खनाल, लुम्बिनी नर्सिङ होम, हाड जोर्नी, नशा, बाथ रोग विशेषज्ञ डा. हिरामणी पौडेल, आम्दा अस्पताल बुटवलका बाल रोग विशेषज्ञ डा. अनिल खनाल, नवजिवन फिजियो रिहावका फिजियो थेरापिष्ट डा. मिलन केसीले आवश्यकता अनुसारको उपचार सेवा प्रदान गरेका थिए । गाउँमै नि:शुल्क सेवा पाएपछि नागरिक उत्साहित भएका थिए । 'लामो समयदेखी खुट्टाको घुँडा दुखेको थियो, डाक्टरले राम्रोसँग चेकजाँच गरिदिनुभयो, पैसा पनि तिर्न परेन, दवाई पनि नि:शुल्क दिनुभयो अब सन्चो हुन्छ होला भन्ने विश्वास लागेको छ' । शिविरमा चेकजाँच गरेर फर्किएका वीरबहादुर नेपालीले भने । शिविरमा १ हजार भन्दा बढी विरामीले नि:शुल्क रुपमा उपचार तथा औषधी पाएका छन् । पछाडी परेका बर्ग, आर्थिक अवस्था कमजोर भएका पक्ष, विशेषज्ञ सेवासम्म नपुगेका व्यक्तिहरुलाई लक्षित गरेर घरदैलोमै उपचार सेवा प्रदान गरिएको वडा अध्यक्ष प्रदिप पौडेलले बताए । जन्मथलोप्रति समाजले देखाएको माया, सद्भाव प्रशंसनिय रहेको गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए । पालिकाले यस्तो खालको शिविर बजेट विनियोजन गरेर सञ्चालन गरेको भए ५० लाख रुपैयाँ खर्च हुने थियो, तर आज सबैको सहयोगबाट विना लगानीमा पनि बृहत स्वास्थ्य शिविर सञ्चालन गर्न सकिएको उनको भनाई छ । जन्मभूमि प्रतिको माया, सदभाव अभियान हरेक पालिका, वडा वडामा समेत सञ्चालन गर्न जरुरी देखिन्छ ।

**संक्षिप्त समाचार**

### तिनाउ नदीमा डुबेर एकको मृत्यु



**लुम्बिनी,** जेठ १२/रुपन्देहीको तिलोत्तमा नगरपालिका– ६ स्थित तिनाउ नदीमा डुबेर शनिबार एक जनाको मृत्यु भएको छ । नदी उत्खननका क्रममा परेको दहमा जमेको पानीमा पौडी खेल्न गएका स्थानीय १७ वर्षीय किशोर दिब्याम्स भुषालको मृत्यु भएको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ ।

साथीहरुसँग फुटबल खेल्न गएका ती किशोर नजिकैको दहमा पौडी खेल्ने क्रममा पानीमा डुबेको स्थानीयले जानकारी दिएलगत्तै प्रहरी घटनास्थल पुगे पनि भुषाल मृत अवस्थामा फेला परेका प्रहरी नायब उपरीक्षक मनोहर भट्टले जानकारी दिए । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । **-रासस**

# तानसेनको टुँडिखेलमा महिनावारी मेला





रामचन्द्र रायमाझी

**पाल्पा,** जेठ १२/तानसेनको टुँडिखेलमा महिनावारी मेला भएको छ । महिनावारी दिवसको पूर्व सन्ध्यामा रोट्र्याक्ट क्लव अफ पाल्पा लुम्बिनीको मुख्य आयोजना, रोटरी क्लव अफ पाल्पा लुम्बिनी र लियो क्लव अफ पाल्पा लुम्बिनीको सह-आयोजनामा विभिन्न संघ संस्थाहरुको सहयोगमा शनिबार मेला भएको हो । आमनागरिकलाई महिनावारीको ज्ञानबारे सचेत गराई चलिआएको अन्धविश्वास हटाउने उद्देश्यले मेला आयोजना गरेको क्लवले जनाएको छ ।

मेलामा प्रजनन स्वास्थ्य, सरसफाइ र महिनावारी सम्बन्धी सचेतनामूलक स्टलहरु राखिएका थिए । स्टलबाट प्रजनन् स्वास्थ्य, महिनावारी जस्ता विषयमा आवश्यक परामर्श, प्याडको प्रयोग र फाइदा, महिनावारीमा पोषणयुक्त खानेकुराका विषयमा विद्यार्थी, महिलाहरुलाई जानकारी गराइएको थियो । मेलाको औपचारिक कार्यक्रमलाई सम्बोधन गर्दै तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले क्लवले महिनावारी जस्तो संवेदनशील विषयमा सचेतनामूलक मेला आयोजना गरेर प्रशसनिय कार्य गरेको बताए । उनले महिनावारीको परम्परागत धारणा तथा स्वच्छताका लागि मेलाले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे ।

नगर प्रमुख श्रेष्ठले महिनावारी मेला ग्रामीण भेगमा पुगेर सचेत गराउन सके अझ प्रभावकारी बन्ने समेत बताए । कार्यक्रममा तानसेन- ६ का वडा अध्यक्ष सागरमान महर्जन, जिल्ला स्वास्थ्य कार्यालयका अधिकृत टिकाराम अधिकारी, पाल्पा टेक्निकल इन्स्टिट्रच्युटका प्रिन्सिपल त्रिलोचन पौड्याल, परिवार नियोजन संघ पाल्पाका प्रवन्धक शोबकान्त न्यौपाने, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला उपाध्यक्ष सुमन गैरे, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठ, रोटरी क्लव अफ पाल्पा लुम्बिनीका अध्यक्ष रमेश न्यौपाने, लियो क्लवका कार्यकारी अध्यक्ष सञ्जु आले, क्लवका निवर्तमान अध्यक्ष राजेश कोइराला लगायतले मेलाले महिनावारीसम्बन्धी कुप्रचलन हटाउन मत्वपूर्ण भूमिका खेल्ने भन्दै स्थानीय सरकारले यस्ता मेला आयोजना गर्ने हो भने महिनावारीप्रति भएका भ्रमहरु चिर्न सकिने बताएका थिए । महिनावारीप्रतिको गलत दृष्टिकोणलाई हटाउने र स्वस्थ रहने बानी बसाल्ने उद्देश्यले मेला राखिएको क्लवकी उपाध्यक्ष स्नेहा बस्नेतले बताईन । उनले भनिन् 'महिनावारीबारे धेरैजसो अहिले पनि खुलेर कुरा गर्दैनन् । प्राकृतिक प्रक्रियाबारे ग्रामीण क्षेत्रमा नकारात्मक सोच र भ्रम समेत छन् । रजस्वलासम्बन्धीकै गलत धारणा र अन्धविश्वास चिर्नका लागि मेला आयोजना गरेका हौं ।' आगामी दिनहरुमा ग्रामीण क्षेत्रमा समेत यस्ता कार्यक्रम गर्ने योजना बनाइएको कार्यक्रम संयोजक स्मारिका सिं प्रधानले बताईन् । उनले सहयोगी दाताहरु जुटेमा गाउँ-गाउँमा पुगेर कार्यक्रम गर्ने क्लवको योजना रहेको बताईन् ।

-...बाँकी अन्तिम पेजमा

**बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

**सन्तोष चलचित्र मन्दिरमा...**



जेठ १० गतेदेखि भव्यताका साथ प्रदर्शन भइरहेको सुपरहिट नेपाली चलचित्र '**फर्किफर्कि**' र नेपाल अधिराज्यभर अपार सफलतापूर्वक सञ्चालनमा आएको चलचित्र '**पुजार सार्की**' चलिरहेको जानकारी गराउँदछौं । उक्त चलचित्र हेर्न स-परिवार पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहुन अनुरोध गर्दछौं।

**शो समय :**
**फर्किफर्कि :** *पहिलो शो : ११:३० बजे*
**पुजार सार्की:** *दोस्रो शो : २:३० बजे र साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५५

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## संसद्को गरिमा कायम गर

सहकारी ठगी प्रकरणको विषायलाई लिएर संसद प्रभावकारी ढंगले अगाडि बढ्न सकिरहेको छैन । एकपछिअर्को गरी संसद् बैठक अवरूद्ध भैरहेको छ । एकातिर नेपाली काँग्रेसले ठगी प्रकरणमा पर्याप्त प्रमाण नै रहेको भन्दै उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेमाथि छानबिन हुनुपर्ने भनेर संसदीय समिति गठन नभएसम्म संसद्का कामकारबाहीहरु अवरूद्ध गरिरहेको छ भने अर्कोतिर सत्तारुढ दलहरु अझ त्यसमा पनि प्रमुख दल एमालेले व्यक्ति केन्द्रित छानबिन समिति बन्न नसक्ने भन्दै गठन प्रक्रियालाई लिएर असहमति जनाइरहेको छ । संसदीय छानबिनको हकमा सकारात्मक कार्यप्रगति भएको भने पनि तयसले ठोस रुप लिन सकेको छैन । जसका कारण संसद् सही ढंगले चल्न सकेको छैन । सत्ता पक्षले काम कारबाही र एजेन्डा अघि बढाउन खोजे पनि प्रतिपक्ष दलहरुले अवरोध गरिहाल्ने क्रम निरन्तर छ । संसद् गफ गर्ने मात्र होइन, अब त लडाइँ गर्ने थलोका रूपमा समेत विकसित हुँदै गएको छ । यो अत्यन्त दुखको कुरा हो ।

रस्साकस्सीका बीचमा संसद् चलिरहेको देख्दा आफ्नै समस्या समाधान गर्न नसक्ने संसद्ले मुलुक र जनताको समस्या के समाधान गर्ला भन्ने आशंका पैदा गरिदिएको छ । सत्ता, सरकार, संसद्जस्ता जनताका स्वार्थ र चाहनासँग प्रत्यक्ष जोडिएका सार्वजनिक निकाय यसरी चल्ने र चलाइने हो भने जनतामा अविश्वास पैदा हुँदै जाने निश्चित छ । विधि तथा कानुन निर्माण गर्ने मुख्य थलो संसद् हो । राष्ट्रिय जीवनमा दूरगामी महत्व राख्ने विषायमा सार्थक नीतिगत बहस गरेर सरकारलाई विकास प्रक्रियामा स्पष्ट दिशानिर्देश गर्ने थलो पनि हो । यसको काम भनेको नीति बनाउने, कानुन बनाउने र निर्मित नीति तथा कानुन सरकारबाट कार्यान्वयन भए नभएको बारेमा सूक्ष्म अनुगमन गर्ने हो । संसद्लाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दामा बहस गर्ने, जनसवालप्रति घच्घचाउने, सरकारलाई समृद्धि र सुशासन अभियानमा दिशानिर्देश गर्ने थलोको रूपमा लिइन्छ । विडम्बना, जनताप्रति उत्तरदायी हुनुपर्ने संसद् नैः कमजोर बन्दै गएको छ । यो राम्रो हैन । यसले संसदको गरिमालाई नै कमजोर बनाउँछ । संसद्को ध्यान आफ्नो मर्यादा जोगाउने र आफ्नो कारबाही नियमित गर्नेतिर हुनुपर्छ । संविधानसभा संसद्का नेताको हैसियतमा यी सबै कामको अगुवाइ गर्ने दायित्व सभामुखको हो, त्यसमा चुकेको खण्डमा भोलि त्यसको जवाफको भार मूलतः उनैले बेहोर्नुपर्ने हुन्छ । त्यसकारण सभामुखले सबैलाई खुसी पार्न खोज्ने प्रवृत्ति त्यागी व्यवहारिक तवरमा कठिनाइ फुकाउने प्रयत्न थाल्न जरुरी छ ।

## Opinion @ Social Network

घडीको समय बुझे जस्तो सजिलो छैन समयको घडी बुझ्न !

*(दानु हिस्की मगरको फेसबुकस्टाटस https://www.facebook.com/dm.d.thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पामा सार्वजनिक चासो र उदासीनताको प्रभाव



पदम न्यौपाने

पाल्पा दरबारको बारेमा नविन उपयोग रणनीति बनाउन नसकेको, भगवति मन्दिरलाई पुरानो स्वरुपमा निर्माण गर्ने पहल हुन नसकेको जस्ता उदाशिनताका उद्धाहरणहरु सुन्नमा आइरहन्छन् । उल्लेखित तथ्यहरु प्रतिनिधिमूलक मात्र हुन । यस्ता नजरअन्दाजका दर्जनौ पक्षहरु रहेका छन् । यति मात्र होइन पाल्पाले आफ्नो पहिचानका लागि भएका अवसरहरुको पहिचान गरेर व्यवस्थित रणनीति बनाउन सकेको छैन । पाल्पाका विशेषताहरु र सोही अनुरुपको विकास रणनीति बनाउने र स्थानीय संघसंस्था, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले गर्ने कार्यका अतिरिक्त निजि क्षेत्रको परिचालन र लगानी, बाह्य लगानीका सम्भावना र पहलका बारेमा स्पष्ट अवधारणा आउन सकेको देखिदैन । यसैगरी अर्को महत्वपूर्ण पक्ष भनेको पाल्पा बाहिर (नेपालका विभिन्न स्थान र विदेशमा) रहेका पाल्पालीहरुको अभिलेखि राखी मानव श्रोतको पहिचान र परिचालन रणनीति पनि बनाउनेतर्फ खासै पहलभएको देखिदैन ।

पाल्पामा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक महत्वका सम्पदा एवं पर्यटकिय सम्भावना बोकेका स्थलहरुको व्यवस्थित अभिलेखिकरणका लागि पहल गर्न एक वर्ष अगाडि हाम्रै पहलमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सहभागीता जनाएका हरेक सहभागीहरुले राखेका सुझावहरु पाल्पाको समग्र पहिचानका लागि सम्पदा र सम्पतिको अभिलेखीकरणमाा ढिलाइ गर्दा त्यस्ता सम्पदाको पहिचान नै खतरामा पर्दै जाने प्रति लक्षित रहेको पाइन्थ्यो ।

पुरातत्व विभागका लागि परामर्शदाता हेरिटेज सर्भिसेजका तर्फबाट अन्वेषकले २०६६ सालमा स्थलगत सर्भेक्षण र अध्ययन गरी तयार पारेको एक प्रतिवेदन अनुसार पाल्पा जिलाका विभिन्न २८ वटा ऐतिहासिक, एवं सांस्कृतिक सम्पदाहरुको उल्लेख गरिएको छ । ति सम्पदाहरुमा ऋषिकेशव मन्दिर, अमरनारायण मन्दिर, भैरव मन्दिर, मणिमुकुन्देश्वर मन्दिर, माण्डव्य ऋषि मन्दिर, बशंगोपाल मन्दिर, आनन्द र महाचैत्य विहार, भगवती मन्दिर, कोकल देवी, गणेश मन्दिर ,भिमसेन मन्दिर, रम्भादेवी मन्दिर, बल्ढेगंगढी कुमारी देवी, शिद्ध गुफा, मुक्तेश्वरी भगवती मन्दिर, शिद्धबाबा, शिब मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, गढी तिनगिरे, लक्ष्मीनारायण मन्दिर, अर्गली दरबार, रानीघाट दरबार, साइरेदेवी मन्दिर, तानसेन दरबार, राम मन्दिर, भिमसेन मन्दिर रहेका छन् । ततपश्चात भने थप अध्ययन गरिएको जानकारी प्राप्त भएको छैन ।

छलफमा दिइएका सुझाव अनुरुप पाल्पाका सम्पदाहरु यतिमा मात्र सिमित छैनन् । पाल्पामा रहेका अन्य दर्जनौ सम्पदाको संकलन गरी विभिन्न सम्वद्ध निकायहरुमा अभिलेखिकरण जरुरी छ । सुझावमा पाल्पा आफैमा ऐतिहासिक, सांस्कृतिक, पुरात्विक हिसावले धनी जिल्ला भएको र यसरी पाल्पामै रहेका आफ्ना महत्वपूर्ण सम्पदाहरुको खोजी र अभिलेखिकरणमा देखिएको कमजोरी पाल्पाको पहिचानमा बाधक हो भन्ने धारणाहरु समेटिएका थिए । यस बाट एउटा प्रश्न उठ्छ, त्यो भनेको पाल्पालीहरु राज्यका हरेक अंगहरुमा निर्णयक तहमा रहेर पनि पाल्पाका सम्पतिहरुको पहिचान, संरक्षण, सम्वर्द्धन र पहिचानमा देखाएको उदाशिनताले जिल्लाको राजनीतिक पार्टीहरु, राजनीतिक व्यक्तिहरु, जनप्रतिनिधिहरु, स्थानीय सरकार, पाल्पाका विद्धानहरु, सामाजिक कार्यकर्ता, नागरिक समाज, सञ्चार क्षेत्र, अनुसन्धानकर्ता सबैको भूमिका माथि प्रश्न उठेको छ । हालसम्म उठी रहेको छ ।

पाल्पाको पहिचान पाल्पामा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं प्राकृतिक सम्पती, सम्पदा, मानवीय श्रोत, पहल, शैली, संस्कार, संस्कृति, जातजाती, हैसियत वा अवस्था, संरक्षण, सम्वर्द्धन र परिचालनमा उद्धाहरणीय अभ्यास, चासो, सक्रियता, जिम्मेवारी बहन, जन्मस्थान प्रतिको उत्तरदायित्व, कर्तव्यको पालना र सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापनमा पाल्पालीमा अनुकरणीय अभ्यास हुनु पर्नेमा सोको अभाव भएको देखिन्छ । पाल्पाको शिक्षाले मुलुकमा एउटा गतिलो छाप छोडेको छ तर यसका बारेमा अहिले गहन जिज्ञासा उब्जाएको छ, के हिजोको शिक्षा क्षेत्रमा पाल्पाले गरेको योगदान यहि हो र ? यस्तै अनगिन्ति उदाशिनताका उद्धाहरण देखिन्छन् जसबाट पाल्पा र पाल्पालीप्रति प्रश्न सहितको जिज्ञासा उब्जाइ रहेको छ ।

यही प्रसंगमा अर्को अहम प्रश्न छ, त्यो हो पाल्पाको प्रवेश गर्ने बाटोको अवस्था, पाल्पामा विद्युत आपूर्ति व्यवस्था र खानेपानी व्यवस्थाका सन्दर्भहरु । यसका लागि यदी इमान्दारीपूर्वक पहल गरेको भए अहिले सम्मका पाल्पाका जनप्रतिनिधिहरु, पाल्पाबाट बनेका मन्त्रीहरु, मन्त्रिपरिषदका अध्यक्ष, मुख्य सचिव, सचिव, सह-सचिव लगायतबाट यो काम उहिलै समाधान हुन सक्थ्यो तर दुर्भाग्य यो सक्रियता र चासो हुनै नसकेको हो भन्ने आमजनातामा धारणा बनेको देखिन्छ । यसमा सत्यता पनि छ । यसैगरी अर्को पिडा भनेको तानसेन लगायत अन्य कतिपय क्षेत्रमा खानेपानीको आपूर्ति व्यवस्था लिफ्ट परियोजनाबाट गरिदै आएको छ । तर पाल्पामा विद्युत आपूर्ति व्यवस्था पनि नियमित नभएको कारण खानेपानी समस्या पनि व्यहोर्नु परेको छ । यसका लागि पनि दह्रो पहल हुन सकेको देखिदैन ।

यसैगरी पाल्पाका अन्य दर्जनौ सरोकारका विषयहरुमा पाल्पाको गहन र दिगो सोच हुन नसकेको आभाष हुन्छ । पाल्पामा रहेका सार्वजनिक जग्गाहरुको संरक्षण हुन नसकेको जस्तो, रानीमहल दरवार वरीपरिको जग्गा संरक्षण गर्न नसकेको, अन्य स्थानमा रहेका जग्गा अतिक्रमण भैरहदा पनि चासो दिन नसककेको, अर्गलीमा रहेको अर्गली दरवार व्यक्तिको नाममा जाँदासम्म संरक्षण गर्न नसककेो, हिन्दुधर्मावलम्वीहरुको तिर्थस्थल (धाम) को रुपमा मानिने ऋषिकेशवको व्यवस्थापन र विकास गर्न नसकेको, पाल्पामा स्थापना भएका सिमेन्ट उद्योगहरुले आइइ/इआइए अनुसार काम नगर्दा जनताले समस्या भोग्नुपरेको समस्यामा चासो दिन नसकेको, लुम्बिनी मेडिकलले आइइ/इआइए अनुसार काम नगरी प्रभासतालको ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय सम्भावनामा खेलवाड गर्दा पनि ताल जोगाउन नसकेको जस्ता आरोपहरु खेप्नु परे पनि त्यतातर्फ ध्यान दिएको पाइदैन । चिनको तिव्वत र भारत जोड्ने कालिगण्डकी करिडोर निर्माणका क्रममा ठेकेदारहरुबाट आइइ/इआइए अनुसार काम नगर्दा केही वर्ष अगाडि रानीमहललाइ नै संकटमा पारेको तथ्य सहितका समाचार प्रकाशन प्रशारण हुदाँसम्म पनि गहन ध्यानाकर्षणको अभावको महशुस सबैले गरेको अभिव्यक्ति आइरहेको थियो । पाल्पा दरबारको बारेमा नविन उपयोग रणनीति बनाउन नसकेको, भगवति मन्दिरलाई पुरानो स्वरुपमा निर्माण गर्ने पहल हुन नसकेको जस्ता उदाशिनताका उद्धाहरणहरु सुन्नमा आइरहन्छन् । उल्लेखित तथ्यहरु प्रतिनिधिमूलक मात्र हुन । यस्ता नजरअन्दाजका दर्जनौ पक्षहरु रहेका छन् । यति मात्र होइन पाल्पाले आफ्नो पहिचानका लागि भएका अवसरहरुको पहिचान गरेर व्यवस्थित रणनीति बनाउन सकेको छैन । पाल्पाका विशेषताहरु र सोही अनुरुपको विकास रणनीति बनाउने र स्थानीय संघसंस्था, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले गर्ने कार्यका अतिरिक्त निजि क्षेत्रको परिचालन र लगानी, बाह्र्य लगानीका सम्भावना र पहलका बारेमा स्पष्ट अवधारणा आउन सकेको देखिदैन । यसैगरी अर्को महत्वपूर्ण पक्ष भनेको पाल्पा बाहिर (नेपालका विभिन्न स्थान र विदेशमा) रहेका पाल्पालीहरुको अभिलेखि राखी मानव श्रोतको पहिचान र परिचालन रणनीति पनि बनाउनेतर्फ खासै पहलभएको देखिदैन ।

नेपालकै पुरानो मानिने त्रिभूवन कलेज पाल्पा आफैमा ऐतिहासिकता र गरिमा बोकेको कलेज हो । नेपालको जनशक्ति विकासमा यसको भूमिका गहन छ । यसले मुलुक सञ्चालन गर्ने योग्य जनशक्ति, अनुसन्धानकर्ता, विज्ञ, विशेषज्ञ , उद्यमी, व्यवसायी, सामाजिक कार्यकर्ता, राजनीतिक नेता र नेतृत्व जन्माएको छ । यसका उत्पादनहरु देशमा मात्र होइन विदेशमा समेत प्रतिष्ठा कमाउन सफल भएका छन् । यस्तै अनगिन्ति योगदान गरेको कलेजको भविष्यका बारेमा कुनै बहस सञ्चालन भएको देखिदैन, सुन्नमा आएको छैन पनि । हाल कलेजको मुख्य भवन जिर्ण रहेको, विद्यार्थी संख्या अत्यन्तै कम रहेको, कलेजले उपयोग गरिरहेको बतासेडाँडाको जग्गाले पाल्पाको पर्यटन विकासलाई रोकेको , तानसेनले पर्यटन विकासका लागि दीगो रणनीति बनाउन नसकेको, रामपुरको केलादीमा रहेको राम, सीता, लक्ष्मण, हनुमान मन्दिरको नाममा नवलपुरको प्रगतीनगरमा रहेका ११ सय विघाा गुठी जग्गा व्यवस्थित गर्न पहल नगरेको जस्ता मात्र होइन समग्र पाल्पाको विकास रणनीति वा अवधारणा बनाई जिल्लाको विकास प्रतिवद्धता वा संकल्पित अभियानमा लाग्न नसकेको जस्ता दर्जनौ प्रश्न जिज्ञासाहरु हरेकका मनमा उब्जिरहेको पाइन्छ तर पहल कस्ले गर्ने, कसरी गर्ने भन्ने बारेमा सबैमा अन्यौलता रहेको देखिन्छ । मुखामुख गर्ने, एकले अर्कोलाई औंला देखाउने प्रवृत्तिमात्र रहेको देखिन्छ । पाल्पा के कस्तो बनाउने, यसको इतिहास र गरिमा कसरी पुनस्थापित गर्ने र नेपालमा पाल्पाको पहिचान कसरी गराउने भन्ने सन्दर्भमा राजनीतिक दल, विज्ञ विद्धान, नागरिक समाज, अध्येता, अनुसन्धानकर्ता, स्थानीय सरकार,नीति निर्माण तहमा रहेका व्यक्तित्व वा प्रसाशक, पूर्व प्रसाशक, सम्वद्ध संस्था वा निकायमा रहेका व्यक्तिहरुको सामुहिक छलफल, अवधारणा, दस्तावेज र सो प्रतिको प्रतिवद्धता ,सकल्प वा प्रतिज्ञा अब जरुरी भएन र ? विकासमा सामुहिक संलग्नता र अपनत्वसहितको सहभागिता जरुरी रहन्छ । यसो नगरी अगाडि सारिने हरेक पहलहरुमा जनताको अपनत्व नरहने हुनाले त्यसको प्रभाव पनि दिगो रहन सक्दैन । यसर्थ, पाल्पाको विकास अवधारणा निर्माण र पहलमा सबै पक्षहरुको सहभागीतालाइ सुनिश्चितता सहितको पहल अहिलेको आवश्यकतालाई समयमै महसुशगरी यसका लागि अग्रसर हुन आवश्यक देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्याँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टेइन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । | **तुला** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्ला । |
| **वृष** :नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। | **बृश्चिक** : मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । |
| **मिथुन** :श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । | **धनु** :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| **कर्कट** :अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला । | **मकर**:दायाँ हातमा लक्ष्मीको वास हुनाले मनग्गे आम्दानी भित्याउने अवसर प्राप्त हुनेछ। |
| **सिंह** :कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ । | **कुम्भ** :तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू समेत बढ्नेछन् । |
| **कन्या** :ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। | **मिन** :धेरै खर्चको माहोल देखिए पनि धैर्यले काम लिंदा फाइदा हुनेछ । |

# कृषि

## तरकारी खेतीबाट वार्षिक रु आठ लाखको बचत



धनगढी उप महानगरपालिका-९ बङ्गारा कटान गाउँका दिनेश चौधरी आफ्नो बारीमा गरिरहेका व्यावसायिक तरकारी खेतीबाट वार्षिक रु आठ लाखसम्म बचत गर्नुहुन्छ ।

साविकको जिल्ला कृषि विकास कार्यालयले दिएको कृषिसम्बन्धी तीन महिने आइपिएम (एकीकृत शत्रुजीव व्यवस्थापन) को तालिममा सहभागी चौधरीलाई तालिमपछि व्यावसायिक तरकारी खेतीमा लाग्ने उत्प्रेरणा जगाएको हो । १७ कठ्ठा जग्गामा १८ वर्षदेखि तरकारी खेती गर्दै आएका उनले भने, 'एसएलसी परीक्षा उत्तीर्ण गरिसकेपछि तालिम लिएर तरकारी खेती सुरु गरे, अहिले वार्षिक तरकारीको कारोबार भइरहेको रु १५ लाखमध्ये रु आठ लाख बचत गर्न सफलता मिलिरहेको छ ।'

उनको घरमा चार सदस्य हुन् । अन्य रोजगारी नभएपछि उनी सहितका परिवारका सदस्यहरुको मुख्य रोजगारी तरकारी खेती नै बनेको छ । भेटेरीनरी जेटिएसम्मको अध्ययन पूरा गर्नुभएका ४० वर्षीय चौधरीले भने, 'लोकसेवा दिएर जेटिए (जुनियर टेक्निकल असिस्टेन्ट) मा नाम निकाल्न सक्थेहोला, तर त्यतातिर ध्यान नदिई जागिर गरेर पाउने तलबभन्दा तरकारी खेतीबाट भइरहेको आम्दानीले सन्तुष्ट छु ।' उनीमा सानैदेखि उद्यमी बनेर गाउँमा रोजगार र स्वरोजगारको अवसर सिर्जना गर्नुपर्छ भन्ने सोच सानैदेखि थियो । उनको कृषि फर्म सञ्चालनमा छ । परिवारका सदस्यबाहेक नियमित रुपमा र सिजनको समयमा गरी उनले सात जनालाई रोजगारी दिए । 'बाह्रै महिना सिजन अनुसारका तरकारी लगाउँछु, तरकारी बिग्रिने पनि हुँदैन, लामो समय काम गरेकाले अनुभव पनि भइसक्यो', उनले भने, 'तरकारी बारी कहिल्यै खाली हुँदैन् । काँक्रा, फर्सी, पालङ, बोडीलगायतका तरकारी हुर्किदा मन सन्तुष्ट हुन्छ ।' तरकारीबारीमा व्यापारी पुगेर थोक मूल्यमा तरकारी खरिद गर्ने गरेकोले उत्पादित तरकारी बिक्री गर्न समस्या नरहेको उनीँ बताए । यसबाहेक धनगढीमा हप्तामा तीन दिन सञ्चालन हुने कृषि हाट बजारमा आफ्नो कृषि उपज बिक्री गर्न ल्याउन् ।

ञधनगढी वसन्त टोलका तरकारी पसले अनिल चौधरी तरकारी खेती गरेर दिनेश चौधरी धनगढीको एक सफल कृषकको रुपमा स्थापित भएको बताए । 'धनगढीको कृषि हाटबाजारमा उनको बारीको धेरै परिमाणको तरकारी आउने गरेको छ', अनिलले भने, 'उनको परिश्रम देखेर आफूलाई तरकारी खेती गर्ने रहर जागेपनि परिस्थितिले गर्न सकेको छैन, तरकारी बेचेर जीवन निर्वाह गरिरहेको छु ।' तरकारी खेतीसँगै होटल व्यवसाय पनि गरिरहेका दिनेशले पछिल्ला वर्षमा केरा र मेवा खेती पनि गर्न थाले । उनले भने, 'विगत तीन वर्षदेखि सात कठ्ठा जमिनमा केरा खेती गरेको छु । थप जग्गामा तरकारी खेतीसँगै मेवा पनि रोपेको छु ।'

केराबाट मात्रै वार्षिक रु एक लाख ५० हजार बढी हजार आम्दानी हुन थालेपछि यो खेतीको विस्तार गर्ने सोच उनले बनाउनुभएको छ । केरा खेती विस्तारपछि थप पाँच जनालाई रोजगारी दिन्छु । उनले यो व्यवसायका अलावा बङ्गारा कटान गाउँमा थारु होम स्टे (थारु घरवास) सञ्चालन भईरहेको छ । थारु होम स्टेमा थारु समुदायको परम्परागत खानका परिकारले पाहुनाको स्वागत गर्ने गरिन्छ । उनले भने, 'होमस्टेमा थारु सांस्कृतिक कार्यक्रम पनि सञ्चालन गर्ने गरिएकोमा कोरोना भाइरसको महामारीसँगै सांस्कृतिक कार्यक्रम भने बन्द गऱ्यो ।'**-रासस**

## मकैमा फौजी किरा, फलफूलमा औँसाको संक्रमण



लामो समयको खडेरीपछि परेको लगातारको वर्षाका कारण म्याग्दीमा लगाइएको मकैखेती र फलफूलमा रोग तथा कीराको सङ्क्रमण देखिएको छ ।

खडेरीका कारण यस वर्ष गहुँ उत्पादनमा कमी आएपछि चिन्तित बनेका किसान मकै छर्ने समयमा पानी नपरेपछि उत्पादन हुने सबै ठाउँमा खेती गर्न सकेका छैनन् । खडेरीमा छरिएको मकै पानी परेपछि निकै ढिलोगरी उम्रेका र ती बिरुवामा पनि डडुवा र फौजी कीराको सङ्क्रमण देखिन थालेपछि किसान चिन्तित बनेका हुन् । मालिका-६ का किसान वीरबहादुर विश्वकर्माले मकैबालीका साथै फलफूल, तरकारी र कोसेबालीमा समेत औँसा र फौजी कीराको सङ्क्रमण देखिन थालेको बताए । जिल्लाको मालिका, मङ्गला, रघुगङ्गा, धवलागिरि र अन्नपूर्ण गाउँपालिका लगायत बेनी नगरपालिकाका विभिन्न ठाउँमा गरिएको मकैखेतीमा रोगको सङ्क्रमण देखिएको स्थानीय तहका कृषि प्राविधिकले बताएका छन् । यहाँका किसानले लगाएको फलफूलमा औँसा, केरामा खपटे, गवारो र मकैबालीमा फौजी कीराको सङ्क्रमण प्रकोप देखिएको मालिका-१ निस्कोटका कृषक तीर्थबहादुर पुनले बताए । उनका अनुसार सुन्तला र केराखेतीमा पनि सङ्क्रमण देखिन थालेको छ । फूल फुलेर बतिला लाग्न थालेका सुन्तला, बारीभरि फलेका काँक्रा, घिरौँला, गोलभेँडालगायत तरकारी तथा फलफूलमा औँसा, घोगा लाग्न थालेका मकैमा फौजी र केरा खेतीमा खपटे कीराको सङ्क्रमण देखिएपछि किसान चिन्तित बनेका मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत् बानियाँले बताए । प्रायः फल पाकेर टिप्ने बेलामा देखिने औँसा कीराको सङ्क्रमण बतिलामै देखिएपछि किसान उत्पादन घट्नेमा चिन्तित छन् । किसानले लगाएका काँक्रा र पाक्न लागेका आरु, आरुपखडामा पनि औँसा कीराको सङ्क्रमण भेटिएको उनकाको भनाइ छ । मकैबालीमा अमेरिकन फौजी कीरा र गोलभैँडामा सेतो ढुसीको समस्या देखिएको म्याग्दीका अगुवा कृषक चन्द्रबहादुर कार्कीले जानकारी दिए । कीराको सङ्क्रमणलाई थप फैलिन नदिन किसानलाई सचेत गराइएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार कृषि प्राविधिकले सिफारिस गरेका मकैको जातका आधारमा सोहीअनुसारको उपचार विधि र विषादी किसानलाई उपलब्ध गराइएको छ ।

गोलभैँडामा लागेको डढुवाको समस्याले व्यावसायिक किसान मर्कामा परेका मङ्गला-५ का किसान विक्रम सेनले बताए । उनका अनुसार जिल्लाका अधिकांश स्थानमा लगाइएका मकै, फलफूल तथा तरकारी खेतीमा विभिन्न सङ्क्रमणले क्षति पुऱ्याएको छ । निस्कोट, रणबाङ, ज्यामरुककोट, बाबियाचौर, अर्मन, रत्नेचौर, रुम, देविस्थानलगायत क्षेत्रका किसानले लगाएको मकैबालीमा फौजी कीराको सङ्क्रमण अत्यधिक देखिएको केन्द्रको भनाइ छ । घोगा हाल्न लागेका मकैका बोटमा फौजी कीराको आक्रमण बढी भएकाले बोट नै सकिन थालेको मङ्गला-२ का प्रताप सापकोटाले बताए । उनकाका अनुसार विषादीलेसमेत कीराको आक्रमण रोकिन सकेको छैन । बगरफाँट, खबरा, भकिम्ली, बाबियाचौरका किसानले लगाएका सयौँ रोपनी जमिनको मकै बालीमा फौजी कीराको सङ्क्रमण देखिएको भन्दै कतिपय ठाउँमा विषादीलेसमेत समस्या समाधान नभएको कृषि प्राविधिक बानियाँले जानकारी दिए । कीराको सङ्क्रमण नियन्त्रण गर्न किसानलाई प्राविधिक सेवा र विषादी निःशुल्क उपलब्ध गराइँदै आइएको उनकाले बताए । यहाँका किसानले परम्परागतरुपमा लगाउँदै आएका मकैबालीमा फौजी कीराको आक्रमण बढी छ ।

जिल्लाको ज्यामरुकोट क्षेत्रमा भने मकैका बोट उम्रन थालेदेखि नै फौजी कीराको आक्रमण बढेकाले बोट जोगाउनै मुस्किल परेको कृषि प्राविधिक बानियाँले बताए । प्रायः सुक्खा मौसममा देखिने फौजी कीरा पछिल्लो समय वर्षा भइरहँदा पनि देखिन थालेका कृषि प्राविधिक बताउँछन् । फौजी कीराले मकैको पातमा लाम्चा आकारका झिल्लीमात्र छाडेर मकैको पातलाई कोतरेर खानाका साथै घोगा, पात, जुँगा र गुभोमा पनि क्षति पुऱ्याउने बानियाँले बताए । जिल्लामा व्यावसायिकरुपमा गरिएको केरा र आलुखेतीमा पनि सङ्क्रमण देखिन थालेकाले सबै समयमै सचेत भई समाधानका उपाय खोज्नुपर्ने उनकाको भनाइ छ । डढुवा रोगका कारण आलुका बोट सुक्न थालेपछि किसानले औषधि प्रयोग गर्न थालेका छन् । कतिपय ठाउँमा औषधि प्रयोग गरे पनि सङ्क्रमण कम नभएको बगरफाँटका कृषक खीमबहादुर कार्कीले बताए । किराका साथै रातो कमिलासमेत देखिन थालेको उनकाको भनाइ छ । **-रासस**

## कैलालीमा आलु उत्पादन बढ्यो



कैलालीमा गत वर्षको तुलनामा यो वर्ष आलु उत्पादन ६ प्रतिशतले बढेको छ । जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी श्यामराज जोशीका अनुसार गत वर्ष चार हजार पाँच सय १२ हेक्टर क्षेत्रफलमा आलुखेती गरिएकामा ६७ हजार सात सय ६० मेट्रिक टन आलु उत्पादन भएको थियो ।

यस वर्ष चार हजार पाँच सय ८० हेक्टर क्षेत्रफलमा आलुखेती गरिएकामा ७२ हजार एक सय ३० मेट्रिक टन उत्पादन भएको छ । गत वर्षको तुलनामा यस वर्ष चार हजार तीन सय ७० मेट्रिक टन बढी आलु उत्पादन भएको तथा ६८ हेक्टर क्षेत्रफल वृद्धि भएको उनले जानकारी दिए । 'यस वर्ष थोरै क्षेत्रफल पनि बढेको छ । आलु उत्पादनमा मौसमले पनि प्रभाव पार्छ ।

यसपटक हिउँदमा हुस्सु पनि लागेन,' उनले भने, 'हुस्सुले आलुमा क्षति हुन्छ । मौसम पनि अनुकूल भयो । त्यसले पनि उत्पादन वृद्धि भएको हो ।' 'यसपटक धेरैजसो किसानले 'चिप्स' आलु लगाउनुभएको थियो, उनले भने, 'त्यसको उत्पादकत्व पनि बढी हुन्छ । त्यसले पनि उत्पादनमा वृद्धि भएको देखिन्छ ।' किसानको उत्पादन बढाउन, किसानलाई व्यावसायिक आलुखेतीमा प्रेरित गर्न किसानको मागअनुसार ज्ञान केन्द्रले बीउ, विषादी तथा उत्पादन सामग्री ५० प्रतिशत अनुदानमा दिँदै आएको सूचना अधिकारी जोशीले बताए ।

**-लोकान्तर डटकम**

## दोदा बगरमा सागसब्जी फलाएर आकर्षक आम्दानी गर्दै पाँच सय किसान



कञ्चनपुरको लालझाडी गाउँपालिका-४ डाँगाजाईँकी मन्तोरा रानाको दुई बिघा जमिनमध्ये पाँच कठ्ठामात्र बाँकी छ । एक बिघा १० कठ्ठा दोदा नदीले कटान गरेर बगरमा परिणत गरेको छ ।

रानाको परिवारका सदस्यले दोदाकै बगरमा तरकारीखेती गर्दै आएका छन् । बगरमा उत्पादित तरकारी बिक्री गरेर उनले घरखर्च जुटाउँदै आएका छन् । 'दोदाले सबै जमिन लग्यो । अहिले बगरमा खेती गर्छु । सुरुमा घरपरिवमारका लागि मात्र खेती गर्थें', उनले भने, 'आकर्षक आम्दानी हुनथालेपछि व्यावसायिक रूपमा तरकारीखेतीमा लाग्यौँ । सिजनमा रु दुई लाखभन्दा बढी आम्दानी हुने गरेको छ ।' उनका श्रीमान् गोरुगाडामा तरकारी राखेर बेच्न गाउँगाउँ डुल्ने गर्छन् । दोदामा उर्लेर आउने बाढीले कैयौँ बिघा जमिन बगर बनाएर यहाँका स्थानीय विस्थापित हुनुपरेको छ । बर्सेनि कटान र डुबान समस्या झेल्ने तटीय क्षेत्रका स्थानीय गर्मीयाममा लहरेबाली लगाएर आम्दानी गर्ने गरेका छन् । डाँगाजाईँका ४८ वर्षीय मोलसिंह रानाले डेढ दशकअघिको दोदा नदीमा आएको बाढी बिर्सिएका छैनन् । त्यस बेला बाढीले उनको करिब तीन बिघा जमिन बगायो । दोदाको कटान अझै रोकिएको छैन । प्रत्येक वर्ष आउने बाढीले जमिन कटान गरिरहेको छ । मोलसिंह भन्छन्, 'बर्खामा दोदाले दिने दुःख भुलेर यो सिजनमा बगरमा खेती गरेर घरखर्च धानिएको छ ।' डाँगाजाईँका किसान नन्दराम रानाले दोदाको बगरमा तरकारीखेती गर्न थालेको दशक बितिसक्यो ।

विसं २०६४ मा आएको बाढीले खेतीयोग्य जमिन बगर बनाएपछि त्यहीँ बगरमा तरकारीखेती गर्दै आएको उनी बताउँछन् । 'वर्खामा दोदाको बाढीले सास्ती गर्छ । उर्लेर आउने बाढीले कुन बेला के हुन्छ डराइडराइ बस्नुपर्छ', उनले भने, 'बर्खामा बाढी आउँदा कोही नदी तर्न सक्दैन । उठीबास लगाएको दोदामै दुःख बिर्सिएर जीविकोपार्जनको आशमा खेती गरेका छौँ ।' दोदा नदीमा करिब पाँच सयभन्दा बढी परिवारले बगरखेती गरेका छन् । बगरमा तरभुजा, काँक्रा, लौका, फर्सीलगायत खेती गरिएको छ । माघदेखि बगरमा खेतीका लागि तयारी गर्ने गरिन्छ । चैत अन्तिम साता बाली तयार भएपछि बिक्री गर्ने गरिएको घुम्नी रानाले बताए । 'वर्षौंदेखि बगरमा खेती गर्दै आएका छौँ । माघदेखि जेठसम्म बगरमा खेती गर्छौं, अरु समयमा मजदुरी', उनले भने, 'जंगली जनावर र चोरीबाट उत्पादन जोगाउन बगरमा बनाइएको छाप्रोमा बास बस्ने गरेका छौँ ।'**-रासस**

# राजनीति बुझ्न ठूला ग्रन्थ पढ्नु पर्दैन : नेता घिमिरे



**पाल्पा,** जेठ १२/नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य तथा प्रभावशाली नेता गुरुराज घिमिरेले राजनीतिको मूल लक्ष्य भनेको जनताको सुख भएको बताएका छन् ।

शनिबार नेपाली काँग्रेस पाल्पा क्षेत्र नं.२ ले तानसेनको श्रीनगरडाँडामा आयोजना गरेको प्रशिक्षण तथा वनभोज कार्यक्रममा बोल्दै नेता घिमिरेले राजनीतिको मूख्य उद्देश्य जनताको सु:ख रहेको बताएका हुन् । उनले राजनीति बुझ्न धेरै ठूला ग्रन्थहरु पढ्न नपर्ने उल्लेख गर्दै जनताको सु:ख नै राजनीतिक भएको धारणा व्यक्त गरे । नेता घिमिरेले जननायक विपी काईरालाले भनेको प्रसंग उल्लेख गर्दै भने,'महाराजले विपी काईराललाई तिमी प्रधानमन्त्री भएर के गर्ने योजना छ ? भनेर सोध्दा विपीले महाराज म १५ वर्ष प्रधानमन्त्री भए भने हरेक परिवारलाई मेरो परिवार सरह बनाउँछु । जसको बस्ने एउटा घर हुन्छ, एउटा दुनो गाई हुन्छ, एक हल गोरु हुन्छ, आफुलाई आवश्यक पर्ने जमिन हुन्छ, छोराछोरी पठाउन सक्ने आर्थिक सामर्थ्य हुन्छ, विरामी हुँदा उपचार गर्न सक्ने आर्थिक हैसियत हुन्छ । म यो स्थानमा मेरो परिवारलाई पुऱ्याउन चाहन्छु भनेर विपी कोइरालले भन्नुभयो ।' आखिर राजनीतिको मुख्य उद्देश्य भनेको नै विपीले भने जस्तै रहेको उनले बताए ।

लोकतान्त्रिक शासन व्यवस्थाबाट मात्र जनताको सुख र देशको समृद्धि हुने नेता घिमिरेले उल्लेख गरे । उनले जनताको सुख र देशको समृद्धि प्रजातान्त्रिक, लोकतान्त्रिक शासन प्राणालीबाट मात्र सम्भव हुन्छ भन्ने काँग्रेसको विश्वास रहेको समेत बताए ।

नेता घिमिरेले पार्टी संगठनका बारेमा प्रशिक्षण समेत दिएका थिए । पार्टीलाई बलियो बनाउने र तल्लो तहदेखि माथिल्लो तहका नेता तथा कार्यकर्ताहरुबिचको सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको काँग्रेसका क्षेत्रीय सभापति मुक्तिक्तराम जिसीले बताए । प्रशिक्षण तथा वनभोज कार्यक्रममा भाग लिन वडातहदेखि जिल्लास्तरसम्मका नेता तथा कार्यकताहरु श्रीनगर पुगेका थिए । कार्यक्रम सभापति जिसीको अध्यक्षता, सचिव कृष्णबहादुर आलेको सञ्चालनमा भएको थियो ।

# असनटोल मगर समुदायमा कानुनी सचेतना

**पाल्पा,** जेठ १२/मगर समुदायमा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । जिल्लाको तानसेन नगरपालिका -२ असनटोलमा असनटोल मगर समाज वडाले गणतन्त्र दिवसको पूर्व सन्ध्यामा कानुनी सचेतना कार्यक्रम गरेको हो ।

संविधानमा उल्लेख गरिएका मगर जनजाति समुदायका हक अधिकारका विषयमा जानकारी र कानुनमा रहेका केही अन्यौलता हटाउने उद्देश्यले मगर समुदायमा कानुनी सचेतना कार्यक्रम गरिएको समाजले जनाएको छ । कार्यक्रममा प्रशिक्षक तथा अधिवक्ता दोलखबहादुर रास्कोटीले संविधानमा व्यवस्था भएका मगर जनजातिका हक, अधिकार र जिम्मेवारीका विषयमा जानकारी गराएका थिए । उनले संविधानले थुप्रै अधिकारहरुको व्यवस्था गरेकाले तिनको सही उपयोग गर्न मगर समुदायलाई आग्रह गरे । अधिवक्ता रास्कोटीले संविधानले समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरेकाले प्राप्त अधिकारलाई संस्थागत र संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले जिल्लाभर छरिएर रहेका मगर समुदायलाई मगर जातिको पहिचान बचाईराख्न समेत आग्रह गरे । भाषा र पहिचान भनेको गौरवको विषय भएको भन्दै त्यसको संरक्षण गर्नु स्वयम समुदायको दायित्व रहेको समेत रास्कोटीले उल्लेख गरे । कार्यक्रममा मगर समुदायको पहिचान, संविधानले व्यवस्था गरेका हक, अधिकार, अन्य समुदायसँगको सहकार्य, समन्वय लगायतका विषयमा व्यापक



छलफल भएको थियो । समाजका अध्यक्ष वीरबहादुर थापाको अध्यक्षता, समाजका प्रमुख सल्लाहकार विष्णु बरालको स्वागत, सचिव सूर्यबहादुर गाहाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा ३१ जना मगर जनजाति समुदायका व्यक्तिहरुको सहभागीता रहेको थियो । समाजले हरेक महिना विभिन्न किसिमका रचनात्मक कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएको छ । उसले भाषा, संस्कृति, धर्मको संरक्षण, जेष्ठ नागरिक, बालबालिकाहरुलाई सम्मान आर्थिक सहयोग, टोल सरसफाई जस्ता कार्यहरु गर्दै आएको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


# तानसेनको...

...सहयोगी दाताहरुको कै कारण अहिलेसम्मका कार्यक्रम गर्न सफल भएको समेत उनले उल्लेख गरिन् । २ सय भन्दा बढी विद्यार्थी, युवक-युवती, महिलाहरुले मेला अवलोकन गर्नुको साथै महिनावारी, स्वास्थ प्रजनन्, प्याडको प्रयोग, बनाउने तरिकाका विषयमा जानकारी लिएको क्लवका मिडिया संयोजक सुलभ गिरीले जानकारी दिए । सहभागीलाई महिनावारीका बारेमा चेतना जगाइने खालका नाटक, नृत्य पनि देखाइएको थियो ।

मेलामा परिवार नियोजन संघ पाल्पाले पनि क्लवसँग समन्वय गरी विभिन्न साधानहरुको बारेमा जानकारी दिन स्टल राखेको थियो । शनिबार बिहान दश बजेदेखि साँझ ५ बजेसम्म मेला भएको थियो । मेलामा विभिन्न सन्देशमूलक प्रचारको स्टल रहेका थिए । मेलाका लागि आर.ओ.के.प्रोडक्स इन्ड्रष्टिक एण्ड ग्रीन लिस्ट बायो म्याट्रिक्स, फेजन हाउस क्याफे एण्ड रेष्टुरेण्ट, बनाना एण्ड मर्सुम रेष्टुरेण्ट, विजय आभूषण, नारी सेनेटरी प्याड, जुबडा, जयाल कुमारी बचत तथा ऋण सहकारी संस्था लगायतले सौजन्य गरेको मिडिया संयोजक गिरीलेले जानकारी दिए । उनका अनुसार परिवार नियोजन संघ, पाल्पा, लुम्बिनी मेडिकल कलेज, पाल्पा टेक्निकल इन्ष्टि्च्युट, तानसेन नगरपालिका,जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला प्रहरी कार्यालय, दारी ग्याङ पाल्पा लगायतका संस्थाहरुको सहकार्य, समन्वय र नवजनचेतना राष्ट्रिय दैनिक, शितलपाटी डटकम, युनिक एफएम र लुम्बिनी एचडी टिभी मिडिया पार्टनरको रुपमा रहेका थिए । क्लवकी उपाध्यक्ष स्नेहा बस्नेतको अध्यक्षता, सामाजिक सेवा निर्देशक आरुषी झाको स्वागत, कोषाध्यक्ष आशुतोष भुसालको धन्यवाद ज्ञापन, सचिव दिक्षा रानाको सञ्चालनमा कार्यक्रम भएको थियो । क्लवले हरेक वर्ष महिनावारी मेला आयोजना गर्दै आएको छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति: २०८१/०२/१३**

रुप सिंह मगरको नाती, अग्निधर मगरको छोरा, पाल्पा जिल्ला तानसेन नगरपालिका वंडा नं ११ बस्ने श्री कुल बहादुर मगर मिति २०८१/०१/११ गते मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं.०४०००२५८४८७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनि निज खातावालको श्रीमती पबित्री कुमारी मगरले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेपउपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबीगर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**कुमारी बैंक लिमिटेड**

**पाल्पा सम्पर्क नं.०७५-५२२६९०, ०७५-५२२८१५**

## कर्पोरेट/अर्थ समाचार

# मधुमेहका विरामीको आँखा जाँच



**पाल्पा,** जेठ १२/ तानसेनमा मधुमेहका विरामीहरुको आँखा जाँच गरिएको छ । मधुमेहका विरामीहरुलाई केन्द्रविन्दु बनाएर नेपाल नेत्र ज्योती संघ पाल्पा लायन्स लाकौल आँखा अस्पताल तानसेनमा आँखा जाँच गरिएको हो ।

लुम्बिनी नेत्र विज्ञान तथा रण अम्विका शाह आँखा अस्पताल भैरहवाको सहयोगमा आँखा मधुमेहका विरामीहरुको आँखाको पर्दा, रेटिनोप्याथी जाँच शिविर सञ्चालन गरिएको अस्पतालले जनाएको छ । आँखा अस्पताल भैरहवाका वरिष्ठ आँखा चिकित्सक एंव निर्देशक ज्ञानेन्द्र लामिछानेले लगायतका चिकित्सक टोलीले विरामीहरुको आँखा जाँच गरेका थिए । सुगरका विरामीहरुलाई मात्र लक्षित गरेर गरिएको आँखा शिविरमा १ सय २० जनाले आँखा जाँच गराए ।

शिविरमा चेकजाँच गराएका विरामीमध्ये १० जनालाई जलविन्दु भएकाले थप उपचारको लागि भैरहवा आँखा अस्पताल रिफर गरिएको नेपाल नेत्र ज्योती संघ पाल्पा सचिव राजेन्द्र लिगलले जानकारी दिए । मधुमेह रोग लागेका विरामीको अन्तिम अवस्थासम्म आँखामा कुनै किसिमको लक्षाण देखिदैन जसको कारण विरामीलाई एक्कासी अन्धोपन गराउने समस्या बढी भएकाले सामान्य तरिकाको आँखा जाँच भन्दा विशेष प्रकारले आँखा जाँच गरी पुऱ्याएको असरबारे पत्ता लगाउन र आँखाको ज्योती बचाउनको लागि शिविरको आयोजना गरिएको बरिष्ठ आँखा चिकित्सक ज्ञानेन्द्र लामिछानेले बताए ।

विभिन्न किसिमको तनाव, खानपानको कारण मधुमेह रोग विश्वभरी जटिल बन्दै गएकाले मधुमेह पत्ता लागेका आमनागरिकहरुले कम्तीमा वर्षको एक पटक औषधी राखी आँखाको नानी फुलाएर पर्दा चेकजाँच गर्नुपर्ने डा.लामिछानेले बताए । उनले आँखाका विरामी तथा नर्सहरुलाई मधुमेहले आँखामा गर्ने असर, रोकथाम तथा उपचारको बारेमा जानकारी गराएका थिए ।

## संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानूनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
-गणतन्त्रलाई जीवनशैली र संस्कारको रुपमा अवलम्बन गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई